Manakamana Engineering Hydropower Limited
Kathmandu, Nepal Tel: 01-4102606
P.O. Box No.: 8020, Email: hydromanakamana@gmail.com

मितिः २०८२/०५/२२

च.नं. : १६-२०८२-०८३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

भद्रकाली, काठमाण्डौ।

**विषय : पाँचौ वार्षिक साधारण सभाको समापन सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा यस मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लि. को मिति २०८२/०४/२८ गते दिउसो ४:३० बजे यस कम्पनीको संचालक समितिको वैठकले निर्णय गरे वमोजिम यस कम्पनिको पाँचौ वार्षिक साधारण सभा मिति २०८२/०५/२० गते शुक्रबारका दिन सौहार्दपूर्ण वातावरणमा पुर्व निर्धारित समय र स्थानमा सम्पन्न गरियो। साथै उक्त पाँचौ साधारण सभामा निम्नानुसारका निर्णयहरु पारित गरियो।

**क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट सभाको अध्यक्ष श्री नारायण दत्त तिमल्सिनाज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा सुझाब एबं जिज्ञासाका सम्बन्धमा अध्यक्षबाट स्पष्ट पारि सकिएकोले उक्त प्रतिवेदन पारित गरियोस भनि प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्बसम्मती बाट पारित भयो।

२. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको २०८१ साल अषाढ मसान्तको वासलात र आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब नगद प्रवाह विवरणहरु साधारण सभामा शेयरधनीहरुलाई उपलब्ध गराइएको र उक्त वासालात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब नगद प्रवाह विवरणहरु उपर छलफल भई उठेका जिज्ञासाहरुलाई स्पष्ट गर्ने कार्य पनि सकिएकोले उक्त विवरणहरु सर्व सम्मतिबाट पारित भयो।

३) कम्पनी ऐन २०६३ मा व्यबस्था भए बमोजिम हाल लेखा परिक्षण गर्दै आइरहनु भएको श्री भरत एन एसोसिएट्सलाई आ.व. २०८२/०८३ को हिसाब किताब लेखापरिक्षण गर्न लेखा परीक्षक सि. ए. भरत नेपाल (भरत एन एसोसिएट्स) लाई बाह्य लेखा परिक्षकको रुपमा नियुक्ती गर्ने र पारिश्रमिक स्वरुप रु. ३,००,०००/- (तिन लाख) कर बाहेक कायम गर्ने यस पाँचौ साधारण सभाले सर्व सम्मतिबाट पारित गर्यो।

**ख) विशेष प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट हकप्रद शेयर निष्कासनको प्रस्ताब पेश गरिएकोमा सभाले उक्त प्रस्ताव माथि छलफल गरि १:१ को अनुपातमा हकप्रद शेयर निष्कासन गरी सहवित्तियकरण बैङ्कहरुको कर्जा चुक्ता गर्ने साथै पेनस्टक पाईप लगायत अन्य मर्मत सम्भार, अन्य लगानी योग्य आयोजनाको अनुसन्धानको लागी प्रयोग गर्ने गरी सम्बन्धित विद्युत नियमन आयोग सानो गौचरण काठमाडौंमा आवश्यक कागजातहरू पेश गर्ने निर्णय सर्व सम्मतिबाट पारित गर्यो ।

२. संचालक समितिको तर्फबाट कम्पनीको पूँजी बृद्धि तथा प्रबन्धपत्र नियमावली संशोधन गर्ने प्रस्ताब पेश गरिएकोमा सभाले उक्त प्रस्ताव माथि छलफल गर्दा नियमनकारी निकायबाट हकप्रद शेयर निष्काशनको अनुमती प्राप्त भए पश्चात सम्बन्धित सम्मानीत कम्पनी कार्यलय रजिष्ट्रारको कार्यलय बाट पूँजी बृद्धि गरी

प्रबन्धपत्र नियमावलीमा संशोधन गर्ने अख्तियारी संचालक समितीलाई प्रदान गर्ने निर्णय सर्व सम्मतिबाट पारित गर्यो ।

साथै प्रबन्धपत्र नियमावालीको संशोधन उपर थप छलफल गर्दा यस कम्पनीको नियमावालीको दफा (२३) मा साधारण सभा संचालनको गणपुरक सङ्ख्या ६७ प्रतिशत हुने भनि कायम रहेकोमा उक्त गणपुरक सङ्ख्या ५१ प्रतिशत कायम गर्ने निर्णय गर्यो र उक्त कार्यको लागी सम्बन्धित कम्पनी रजिष्ट्रारको कार्यलयमा आवश्यक काम कारबाहीको लागी कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्व सम्मतिबाट पारित गर्यो ।

<u>तपशिल</u>

| दफा | हालको व्यबस्था | प्रस्तावित व्यबस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा (२३) | नियमावालीमा साधारण सभा संचालनको गणपुरक सङ्ख्या ६७ प्रतिशत हुने भनि कायम रहेको । | नियमावालीमा गणपुरक सङ्ख्या ५१ प्रतिशत कायम गर्ने भनि प्रस्ताव पेश गरिएको । | गणपुरक सङ्ख्या सहज बनाउन आवश्यक भएकोले । |

३. संचालक समितिको तर्फबाट हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न साथै प्रबन्धपत्र तथा नियमावलीमा कुनै संसोधन/थपघट/फेरबदल/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोहि सम्बन्धी कार्य गर्नका लागी कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने भनी प्रस्ताब पेश गरिएकोमा उक्त प्रस्ताव माथि छलफल गर्दा भैपरी आउने त्यस किसिमका कार्यको अख्तियारी कम्पनीको संचालक समितिलाईनै प्रदान गर्ने निर्णय सर्व सम्मतिबाट पारित गर्यो।

रामहरि बजगाई
संचालक

बोधार्थ :

१) श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर।

२) श्री विद्युत नियमन आयोग, सानोगौचरण, काठमाण्डौ।

३) श्री कम्पनि रजिस्ट्राको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ।

४) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलीसडक, काठमाण्डौ।

५) श्री ग्लोबल आइ एम इ क्यापिटल लि. नक्साल , काठमाण्डौ।